# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (५) संख्या (६) बाराहा, उदयपुर १ नं प्रदेश नेपाल

२०७८/१०/७

## भाग-२

## लिम्चुङबुङ गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०७८

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संबत् २०७८ सारको कार्यविधि नं ०६**

# लिम्चुङबुङ गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०७८

**प्रस्तावना :-**

लिम्चुङबुङ गाउँपालिकामा गरिब तथा अत्यन्त कमजोर आर्थिक स्थिति भएको वर्गहरु तर्फ, (लक्षित समुदाय) दलित, लोपोन्मुख तथा अति सिमान्तकृत समुह तर्फ उच्च शिक्षामा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले लिम्चुङबुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यो कार्यविधिको नाम "लिम्चुङबुङ गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०७८" रहेको छ ।
(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।
(३) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :-**

क) "कार्यपालिका" भन्नाले लिम्चुङबुङ गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।
ख) "अध्यक्ष" भन्नाले लिम्चुङबुङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।
ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिम्चुङबुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
घ) "लक्षित वर्ग" भन्नाले नेपाल सरकारबाट दलित, लोपोन्मुख तथा अति सिमान्तकृत समूहमा सूचीकृत जात जातिहरु सम्झनु पर्दछ ।
ङ) "स्नातक" भन्नाले (१०+२) तथा प्रविणता प्रमाणपत्र तह वा सो सरह को शैक्षिक तह उत्तिर्ण गरेपछि ३ वर्षे, ४ वर्षे तथा ५ वर्षे कोर्षलाई सम्झनु पर्दछ ।
च) "स्नातकोत्तर" भन्नाले स्नातक तह उत्तिर्ण गरेपछि २ वर्षे कोर्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## छात्रवृत्ति प्रदान विषय र आवश्यक न्युनतम योग्यता

यस कार्यविधि अन्तर्गत स्नातक तथा स्नातकोत्तर तहमा तपसिलमा उल्लेख भए बमोजिमको कोर्षहरु अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्न सकिनेछ । छात्रवृत्ति प्रदान गर्दा एक एक वर्षमा लाग्ने शुल्कको बढिमा ५०% सम्म प्रदान गर्न सकिनेछ ।

**३. स्नातक तह**

त्रिभुबन विश्व विद्यालय तथा नेपाल सरकारबाट मान्यताप्राप्त कुनै पनि विश्व विद्यालयबाट प्रदान गरिने ३ वर्षे, ४ वर्षे वा ५ वर्षे स्नातक तहको कुनै पनि कोर्ष ।

**४. स्नातकोत्तर**

त्रिभुबन विश्व विद्यालय तथा नेपाल सरकारबाट मान्यताप्राप्त कुनै पनि विश्व विद्यालयबाट स्नातक पछि प्रदान गरिने २ वर्षे कुनै पनि स्नातकोत्तर तहको कुनै पनि कोर्ष ।

**५. आवश्यक न्युनतम योग्यता**

क) लिम्चुङबुङ गाउँपालिकाको स्थायी बासिन्दा हुन पर्दछ ।
ख) स्नातक तथा स्नातकोत्तर तहमा रेगुलर तर्फको विद्यार्थी हुन पर्दछ ।
ग) नेपाल सरकारबाट सूचीकृत दलित, लोपोन्मुख तथा अति सिमान्तकृत समुहमा सूचीकृत भएको हुन पर्दछ ।

## परिच्छेद ३
## छात्रवृत्तिको लागि आधारभूत मापदण्ड

**६. देहायका मापदण्ड वा योग्यता पुगेको अवस्थामा मात्र छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।**

क) लिम्चुङबुङ गाउँपालिका भित्र स्थायी बसोबास ,
ख) नेपाल सरकारबाट सूचीकृत दलित, लोपोन्मुख तथा अति सिमान्तकृत,
ग) फौजदारी अभियोगमा कसुरदार नठहरिएको,
घ) सामुदायिक विद्यालयबाट एसएसलसी\एसईई उत्तिर्ण,
ङ) विपन्न, कमजोर आर्थिक स्थिति भएको,

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनी एउटै व्यक्ति वा विद्यार्थीले यो छात्रवृत्ति एक पटक मात्र पाउनेछ ।

## परिच्छेद ४
## छात्रवृत्ति छनौट तथा सिफारिस समिति

७. **छात्रवृत्ति छनौट तथा सिफारिस समितिः** छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्न देहाय बमोजिमको छात्रवृत्ति छनौट तथा सिफारिस समिति रहनेछ :-

क) गाउँपालिका उपाध्यक्ष :- संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत :- सदस्य
ग) सामाजिक विकास समिति संयोजक :- सदस्य
घ) सुशासन तथा क्षमता विकास समिति संयोजक :- सदस्य
ङ) सामाजिक विकास शाखा प्रमुख :- सदस्य
च) गाउँपालिका स्तरीय दलित सेवा संघका अध्यक्ष :- सदस्य
छ) लक्षित समूहका समिति अध्यक्षहरु :- सदस्य
छ) शिक्षा शाखा प्रमुख :- सदस्य सचिव ।

८. **छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः**

क) छात्रवृत्ति शिर्षकमा बजेट विनियोजन तथा व्यवस्थापन गर्ने ।
ख) गाउँपालिका भित्र दलित, लोपोन्मुख, अति सिमान्तकृत, अति विपन्न, जेहेन्दार विद्यार्थीहरुको पहिचान गर्ने, गराउने ।
ग) छात्रवृत्तिको लागि उम्मेदवार छनौट गरि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने,
घ) गाउँ कार्यपालिकाले तोके बमोजिम अन्य काम गर्ने ।

## परिच्छेद ६
## छात्रवृत्ति कोषको स्थापना

**९. कोषको स्थापना :**

क) छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले गाउँ कार्यपालिकाको मातहतमा रहि छुट्टै छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।

ख) कोषको आय रकम संकलन तथा व्ययभारको लागि गाउँपालिकाको संचित कोषमा रहेको वित्तीय संस्थामा एउटा छुट्टै खाता खोली सञ्चालन गरिनेछ ।

ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

**१०. कोषको आम्दानीः**

कोषमा देहाय बमोजिमको स्रोतहरु आम्दानीको रुपमा जम्मा हुनेछ :

क) गाउँपालिकाको वार्षिक बजेट मार्फत छात्रवृत्ति कोषमा जम्मा हुने रकम।

ख) सरकारी , गैरसरकारी संघसंस्था तथा अन्य दाताहरुबाट प्रचलित कानून बमोजिम प्राप्त रकम,

ग) व्यक्तिगत रुपमा प्राप्त शैक्षिक सहयोग,

घ) कोषको लागि अभियानबाट जम्मा भएको रकम ।

## परिच्छेद ७
## कोषको लेखा र लेखापरीक्षण

११. कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

१२. कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट र अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले
टार्जन कामर लिम्बु
(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशित मितिः २०७८/१०/१०